# मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/११/०५ गते

आज मिति २०८२ साल फागुन ०५ गते मंगलबारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरादेवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | – | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | – | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | २०८२/११/०५ | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | – | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | – | |
| १५ | श्री सन्तोषी बि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | डिलमाया नेपाली | |

अन्य उपस्थिति:

**मोदी गाउँपालिका गाउँ कार्यपालिका**
**बैठक मिति २०८२/११/०५ गतेको निर्णय**

**निर्णय नं.१**

आ.व. २०८२/०८३ को श्रावण देखि कार्तिक मसान्त सम्मका गाउँकार्यपालिकाले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा एवं कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं.२**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट स्वीकृत स्थानिय तहको कार्यसम्पादन मुल्यांकन कार्यविधि २०७८ मा उल्लेखित मुल्यांकन सुचक बमोजिम मोदी गाउँपालिकाले प्राप्त गरेको नतिजा सँग सम्बन्धित सुचकहरुमा उल्लिखित कागजात प्रमाणका आधारमा आवश्यक पुनरावलोकनका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा लेखि पठाउने र आगामी दिनमा नतिजामा अपेक्षित सुधारका लागि कार्यविधिमा उल्लेखित सुचकमा तोकिएका कागजात प्रमाणहरु तोकिएको समयमा तोकिएको ढाँचामा आयोगबाट संचालित अनलाईन पोर्टलमा अनिवार्य अपलोड गर्न गाउँकार्यपालिको कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं.३**

स्थानिय तहको कार्यसम्पादन मुल्यांकन कार्यविधि २०७८को मुल्यांकन सुचक नं १४ मा उल्लेखित चार पटक गर्भजाँच गर्ने महिलाको अनुपात तथा सुचक नं १५ मा उल्लेखित कुल गर्भवती महिलाको संख्या मध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात गाउँपालिकाको भौगोलिक अवस्थिति, गाउँपालिका तथा वडा केन्द्रहरुबाट जिल्ला सदरमुकाम स्थित प्रादेशिक अस्पताल एवं प्रदेश राजधानी पोखरा सम्मको सहज पहुँच रहेको कारण अधिकांश गर्भवती महिला गाउँपालिकाको वर्थिङ केन्द्रहरुमा भन्दा सुविधासम्पन्न अस्पतालहरुमा चेकजाँच तथा प्रसुती सेवाको जाने बढ्दो क्रम एवं प्रवृति, जनसंख्याको वदलिँदो संरचना, बसाँईसराई समेतलाई विश्लेषण गर्दा उक्त शिर्षकहरुमा गाउँपालिकाको लागि तय गरिएको लक्ष्य हासिल गर्न नसकिने अवस्था रहेको हुँदा उक्त सुचकको लागि तय गरिएको लक्ष्यमा गाउँपालिकाको वास्तविक अवस्थाको आधारमा पुनरावलोकनको लागि सम्बन्धित निकायमा लेखि पठाउने ।

**निर्णय नं.४**

मोदी गाउँपालिका वडा नं २ स्थित देउपुर स्वास्थ चौकीको हावाहुरीले क्षति पुर्याएको टिनको छानो मर्मत सम्भारको लागी विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी रु १५००००।– (अक्षरेपी रु एकलाख पचास हजार मात्र) स्रोत सहमति प्रदान गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

**निर्णय नं.५**

मोदी गाँउपालिकाको ऐतिहासिक,धार्मिक,सांस्कृतिक,पुरातात्विक,पर्यटकीय पहिचान र संभावना आदीलाई समेटेर गाउँपालिकाको पहिचान प्रबद्धन हुने गरी गाउँपालिकाको पालिका गानको लागि सर्जकहरुसँग रचना माग गर्न सार्वजनिक सूचना आह्वान गर्ने प्राप्त रचानाहरु मध्यबाट उत्कृष्ट रचना छनोट गर्न तपसिल बमोजिमको छनौट समिति गठन गर्ने ।

तपसिल

१) साहित्यकार याम बहादुर क्षेत्री (संगित श्रोता) मोदी,५ —संयोजक

२) कवि/कलाकार गणेश कुमार जि.सी मोदी ६—सदस्य

३) कवि गोबिन्द पौडेल —सदस्य

४) सामाजिक विकास शाखा प्रमुख दिनेश शर्मा —सदस्य

५) बासुदेव शर्मा तिमिल्सिना शिक्षक नवजागृत मा.वि —सदस्य

६) शान्ति पौडेल शिक्षक देउपुर नमुना मा.वि —सदस्य

७) प्रशासकीय अधिकृत विकास के.सी —सदस्य सचिव

**निर्णय नं.६**

मोदी गाउँपालिका वडा नं ६ स्थित तिलाहार सोप्रे खानेपानी योजनाको विभिन्न खण्डमा बाढी पहिरो लगायत रुखका जराहरुले गर्दा पाईप फुट्ने, भाँचिने समस्याको कारण लामो समयदेखि अवरुद्ध भएको उक्त योजनाको लाभग्राहीहरुलाई खानेपानीको अभाव हुन नदिन प्राविधिक लागत अनुमान बमोजिम विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी ६३ एम.एम को १५०० मिटर पाईप खरिद गरी तिलाहार खानेपानी व्यवस्थापन समितिलाई हस्तान्तरण गर्न रु ४६००००।-(अक्षरेपी रु चार लाख साठी हजार मात्र) स्रोत सहमती प्रदान गर्ने ।

**निर्णय नं.७**

मोदी गाउँपालिकाको प्रशासनिक केन्द्र पातीचौर बजार देखि देउपुर देउराली तथा भुक जाने सडकमा पर्ने सुनचाप भन्ने स्थानमा गत वर्षको अविरल वर्षाको कारण आएको ठुलो पहिरोको कारण अवरुद्ध भएको सडकको मर्मत सम्भार तथा पहिरो व्यवस्थापन गर्न ग्याविन जाली भर्ने लगायतका पहिरो रोकथामजन्य काम सम्पन्न भएकोमा गत आर्थिक वर्षमा भुक्तानी हुन नसकी बाँकी रहेको रु ७३१२५।-(अक्षरेपी रु त्रिहत्तर हजार एक सय पच्चिस मात्र) प्राविधिक लागत अनुमान,कार्यसम्पन्न प्रतिवेदन, अन्तिम बिल, वडा नं २ को वडा समितिको निर्णय लगायतका अन्य आवश्यक कागजातको आधारमा चालु आ.व.०८२।०८३ को लागी विनियोजित बजेट शिर्षक नं ३११५९ (निर्माण सम्पन्न भएका, सम्पन्न हुन बाँकी एवं म्याद थप भएका गाउँपालिकाबाट नयाँ निर्माण हुने योजनाको भुक्तानी (पुँजीगत) बाट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

**निर्णय नं.८**

चालु आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा बजेट शिर्षक नं ३१११२ अन्तर्गत गाउँकार्यपालिकाको कार्यालयमा सभाहल निर्माण एवं बजेट शिर्षक नं ३१११३ अन्तर्गत गाउँकार्यपालिकाको कार्यालयमा चमेनागृह निर्माण गर्न को लागी बजेट विनियोजन भएकोमा गाउँकार्यपालिकाको कार्यालयको प्रशासकीय भवनको दोस्रो तल्लामा सभाहल निर्माण गर्न भवनको ड्रईङ, डिजाईन, नक्सा, भारवहन क्षमता लगायत अन्य प्राविधिक पक्षबाट अनुपयुक्त हुने भनि प्राविधिकको राय सुझाव तथा प्रतिवेदन प्राप्त भएको हुँदा गाउँकार्यपालिकाको कार्यालय परिसरमा रहेको खाली जग्गामा भुँईतल्लामा चमेनागृह तथा पहिलोतल्लामा सुविधासम्पन्न सभाहल निर्माण गर्नेगरी ड्रईङ, डिजाईन तयार गरी सार्वजनिक खरिद सम्बन्धी प्रचलित ऐन नियमावलीको अधिनमा रहि आवश्यक प्रक्रिया अगाडी बढाउने।

**निर्णय नं.९**

मोदी गाउँपालिका वडा नं १ झिलिवराङ स्थायी ठेगाना भएका किर्त बहादुर वि.क को घरमा मिति २०८२/१०/०२ गते घरमा आगोलागी भई ढुंगामाटोले बनेको खरको छानो भएको घर पुर्ण रुपमा जलेर नष्ट भएको हुँदा सम्वन्धित वडा कार्यालयको सिफारिस प्रहरी सर्जमिन लगायतका अन्य प्रमाण समेतको आधारमा निजलाई आर्थिक सहायता सम्वन्धी मोदी गाउँपालिकाको प्रचलित कानुन बमोजिम तत्काल राहत स्वरुप विपद व्यवस्थापन उपशाखाबाट नगदै प्रदान गरिएको रु २००००।–(अक्षरेपी रु बीस हजार मात्र) को खर्च अनुमोदन गर्ने ।

**निर्णय नं.१०**

मोदी गाउँपालिका वडा नं ७ राम्जादेउराली निवासी श्री गोबिन्द प्रसाद रिमालले पालिरहेको एउटा बाख्रा अचानक मरेको र निजको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजलाई खर्च शिर्षक नं २७२१२ आर्थिक सहायता (प्रकोप विपद हिंसा पिडित विपन्न असहाय गरिव नागरिको लागी) बाट खर्च लेख्ने गरी राहत स्वरुप रु ५०००।–(अक्षरेपी रु पाँच हजार मात्र) उपलब्ध गराउने ।

**निर्णय नं.११**

मोदी गाउँपालिका ५ स्थित श्री सरस्वती मा.विको भवन मर्मत संभारको लागि विपद् व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी रु ५०००००(अक्षरेपी पाचँ लाख मात्र) स्रोत सहमति प्रदान गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

**निर्णय नं.१२**

मोदी गाउँपालिका वडा नं ७ बस्ने कुल प्रसाद पौडेल तथा बसन्ती पौडेलको छोरा वर्ष ११ को गोकुल पौडेल शारिरिक तथा मानसिक रुपमा कमजोर रहेको तथा अभिभावको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजको उपचारको लागि निजलाई खर्च शिर्षक नं २७२१२ आर्थिक सहायता (प्रकोप विपद हिंसा पिडित विपन्न असहाय गरिव नागरिको लागी) बाट खर्च लेख्ने गरी निज बालकको उपचारको लागी आर्थिक सहायत स्वरुप रु १००००।– (अक्षरेपी रु दश हजार मात्र) उपलब्ध गराउने गरी स्रोत सहमति प्रदान गर्ने ।

**निर्णय नं.१३**

मोदी गाउँपालिका वडा नं ४ बस्ने लक्ष्मी वि.कको घरमा आगोलागी भएको र निजको आर्थिक अवस्था कमजोर रहेको हुँदा मोदी गाउँपालिकाको आर्थिक साहयता सम्बन्धी प्रचलित कानूनको अधिनमा रही आर्थिक सहायता स्वरुप रु १५०००(अक्षरेपी रु पन्ध्र हजार मात्र) प्रदान गर्ने ।

**निर्णय नं.१४**

मोदी गाउँपालिका ७ स्थित राम्जा देउराली स्वास्थ्य चौकी व्यवस्थापन समिति र निक साइमन इन्स्टिच्युट (NSI), विच मिति २०७८/०९/१२मा **Rural Hospital Strengthening Project** संचालनको लागि भएको सम्झौता म्याद २०८३ असार मसान्तमा पुरा हुने भएकाले २०८३/०४/०१ देखि लागु हुने गरी मोदी गाउँपालिका र निक साइमन इन्स्टिच्युट (NSI), विच लिखित रुपमा समझदारी पत्रमा हस्ताक्षर गरी कार्यक्रमलाई थप परिमार्जित सहित प्रभावकारी रुपमा कार्यान्वयन गर्नेगरी निरन्तरता दिने ।

**निर्णय नं.१५**

मोदी गाउँपालिकाको प्रशासनिक केन्द्र पातिचौर बजार देखी वडा नं. १,२ र ३ जोड्ने मुख्य सडक खण्डमा पर्ने सुनचाप पहिरोको दिर्घकालिन समधान एंव जोखिम न्युनिकरणको लागि भौगोलिक अध्ययन गर्ने र सोको लागि लाग्ने आवश्यक खर्च विपद व्यवस्थापन कोषबाट व्यहोर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

**निर्णय नं.१६**

मोदी गाउँपालिका भित्रका सामुदायिक विद्यालयका विद्यार्थी, अभिभावकहरुलाई सकरात्मक उत्प्रेरणा प्रदान गर्न तथा विहानी प्रथना व्यवस्थापनको लागि प्रशिक्षण प्रदान गर्ने ।

**निर्णय नं.१७**

मोदी गाउँपालिका क्षेत्र भित्र पर्ने मध्यपाहडी लोकमार्ग खण्डको धौलागिरी प्रवेश द्वार देखी अम्बोट बजार सम्मको सडकमा सुरक्षा तथा दुर्घटना न्युनीकरणको लागि सडक बत्ति जडान गर्न आवश्यक देखिएकाले नेपाल विधुत प्राधिकरण,पर्वत वितरण केन्द्रलाई अनुरोध गर्ने ।

हिरादेवी शर्मा
अध्यक्ष

बाबुराम पुन
प्रमुख प्रशासकीय अधिकृत

CamScanner